पाथीभरा याङवरक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, थेचम्बु

ताप्लेजुङ

१ नं प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७५/०६/ ०५ गते

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने सम्बन्धमा प्रकाशित १५ दिने सार्वजनिक सुचना

प्रस्तावकको नाम : गाउँपालिकांको कार्यालय, पाथीभरा-याङवरक

प्रस्तावको नाम : ताप्लेजुङ जिल्लाको पाथीभरा-याङवरक गाउँपालिका स्थित तमोर, काबेली र फावाखोला नदीको ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) दीगो र वातावरण मैत्री रुपले उत्खनन तथा संकलन गर्ने।

प्रस्तावको व्यहोरा : वातावरण संरक्षण नियमावली, २०५४, अनुसूचि-१ को (ई) खानी क्षेत्र शीर्षकको विषय नं – २ (घ) बमोजिम ताप्लेजुङ जिल्लाको तमोर, काबेली र फावाखोला नदीको तल दिइए बमोजिमको खण्डबाट ढुंगा, गिट्टी, बालुवा, मिस्कट आदि नदिजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्ने प्रयोजनका लागि उत्खनन् तथा संकलन गर्ने प्रस्ताव कार्यान्वयनका लागि गरिने प्रारम्भिक वातावरणिय परिक्षण (IEE) अध्ययन गर्ने सिलसिलामा निम्न क्षेत्रसँग सम्बन्धित प्रश्नहरु बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनु पर्ने भएकोले सोही नियमावलीको नियम ४ अनुसार यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। ढुंगा, गिट्टी, बालुवा, मिस्कट आदि नदिजन्य पदार्थहरु उत्खनन् तथा संकलन हुने परिमाण तथा प्रभाव संभावित पाथीभरा याङवरक गाउँपालिकामा निम्नानुसार पर्दछ।

| सि. नं. | प्याकेज | संकलन/उत्खनन् स्थान र नदीको खण्ड | प्रभाव पर्न सक्ने गाउँपालिकाको नाम |
|---|---|---|---|
| १ | १ | पाथीभरा याङवरक गाउँपालिकामा पर्ने तमोर नदीको क्षेत्र | पाथीभरा याङवरक गाउँपालिका |
| २ | २ | पाथीभरा याङवरक गाउँपालिकामा पर्ने काबेली नदीको क्षेत्र | पाथीभरा याङवरक गाउँपालिका |
| ३ | ३ | पाथीभरा याङवरक गाउँपालिकामा पर्ने फावाखोला नदीको क्षेत्र | पाथीभरा याङवरक गाउँपालिका |

यो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको वातावरणीय प्रभाव मुल्याङ्कनका लागि क्षेत्र निर्धारण गराउने सिलसिलामा आयोजना प्रभावित क्षेत्रहरुको (१) भौतिक प्रणाली (२) साँस्कृतिक प्रणाली (३) जैविक प्रणाली (४) आर्थिक तथा सामाजिक प्रणाली (५) मानविय कृयाकलाप, यिनका अवयवहरुको अन्तरकृया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न उक्त आयोजना प्रभावित क्षेत्रमा पर्ने पाथीभरा-याङवरक गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति तथा संघसंस्थाहरुको लिखित रायसुझाव लिनु आवस्यक भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरि रायसुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

*राय सुझाव पठाउन सकिने ठेगाना: पाथीभरा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, थेचम्बु, ताप्लेजुङ*

*प्रस्तावक : पाथीभरा याङवरक गाउँपालिका, थेचम्बु, ताप्लेजुङ*

E-mail:pathivarayang@gmail.com

*ताप्लेजुङ,* (Phone Number)९८५२६६०४६०

प्रमुख प्रशासकीय अधिकृत